नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.

# आ.व. ०७४/७५ को तेस्रो त्रैमासिकसम्मको वित्तीय परिणाम

## वासलात

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | ५५,८८५,२२४,०३९ | ५४,०८५,३४१,१४१ | ४५,२४३,३२४,५०८ |
| १.१ | चुक्ता पूँजी | ४,३९६,९२८,६४८ | ३,०९६,४२८,६२५ | ३,०९६,४२८,६२५ |
| १.२ | जगेडा तथा कोष | ३,४८०,२४३,९५९ | ५,०२९,४२६,०६६ | ४,७३३,७५६,६१५ |
| १.३ | जीवन बीमा कोष | ४७,६८२,६३२,७४६ | ४५,६३४,११४,१०७ | ३७,१८८,१८३,९९४ |
| १.४ | महाविपत्ती कोष जगेडा | ३२५,४१८,६८६ | ३२५,३७२,३४२ | २२४,९५५,२७४ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | ५५,८८५,२२४,०३९ | ५४,०८५,३४१,१४१ | ४५,२४३,३२४,५०८ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३०७,४६८,५४७ | ३०७,६२०,७६६ | ३१५,९२४,९१४ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | २३,३१०,०४९,२७९ | १८,५५३,८२१,३०८ | ३१,६११,८३०,७९५ |
| २.३ | बीमालेखको धितोमा कर्जा | ७,८७०,५२१,६३८ | ७,१८०,४४१,८३१ | ५,३९२,१०६,००० |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | २४,३९३,८७७,८०४ | २८,०३९,३४३,९९२ | ७,९१४,५१०,७१२ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | ३,३०६,७७० | ४,११३,२४४ | ८,९५२,०८७ |
| २.६ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | २७,५०१,६०६,३९१ | ३०,४०२,०९१,२४३ | १०,०२८,९८७,६१२ |
| ३.१ | नगद तथा बैंक मौज्दात | १९३,७१६,९०३ | २३२,१८९,७८५ | १२३,२४२,०९९ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | २३,७५२,६५०,०६८ | २६,५५७,७८६,०९९ | ७,२८२,६७९,२५३ |
| ३.३ | अन्य सम्पत्ती | ३,५५५,२३९,४२० | ३,६१२,११५,३५९ | २,६२३,०६६,२६१ |
| ४ | चालु दायित्व तथा ब्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | ३,१०७,७२८,५८७ | २,३६२,७४७,२५१ | २,११४,४७६,९०० |
| ४.१ | चालु दायित्व | १,४४६,४१५,९५३ | ८३६,७३२,६१२ | १,०६६,८७२,४६६ |
| ४.२ | असमाप्त जोखिम वापत ब्यवस्था | २५२,१८०,०११ | ३५४,७१४,५९२ | २७४,९८३,७०८ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ९४८,९९४,३०२ | ८३५,४६८,४०४ | ५८०,०९३,८८४ |
| ४.४ | अन्य ब्यवस्था | ४६०,१३८,३२१ | ३३५,८३१,६४३ | १९२,५२६,८४३ |

## नाफा-नोक्सान हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ८२६,५१६,००२ | ५१६,५२२,४४१ | ५४२,१३१,०२२ |
| १.१ | आय ब्यय हिसावबाट सारेको | २५२,२२८,६१३ | ११७,९२३,४५७ | ३४३,६३३,७०१ |
| १.२ | जीवन बीमा कोषबाट सारेको* | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ५७४,२८७,३८९ | ३९८,५९८,९८४ | १५३,५२८,०९३ |
| १.४ | ब्यवस्था फिर्ता | – | – | – |
| १.५ | अन्य आम्दानी | – | – | ४४,९६९,२२९ |
| २ | ब्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | ३९०,७२९,३६४ | २३६,८४१,८२९ | १३२,४५८,०४८ |
| २.१ | ब्यवस्थापन खर्च | ३३,२५१,५१७ | २२,५६०,४८६ | ५५,९२२,८१६ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि ब्यवस्था | २०३,८३२,६०९ | ९९,८४४,७११ | १६,६९१,९६१ |
| २.५ | कर्मचारी आवास ब्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस ब्यवस्था | ५३,५७४,२८४ | ३५,८२२,४२१ | ४२,६८३,२९५ |
| २.७ | आयकर | १००,०७०,९५३ | ७८,६१४,२१२ | १७,१५९,९७६ |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/नोक्सान (१-२) | ४३५,७८६,६३८ | २७९,६८०,६११ | ४०९,६७२,९७४ |

*कम्पनीको बीमाङ्कीय मूल्याङ्कन पश्चात् प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।

## एकिकृत आय-व्यय हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.७ सम्म) | १५,४६८,२८४,८९५ | १०,६३४,२२२,८८४ | १०,४२५,९४६,४८२ |
| १.१ | बीमाशुल्क (खुद) | १०,६९५,७१५,८९४ | ७,१४५,४३२,०८० | ७,८१७,३२८,२०० |
| १.२ | पुनर्बीमा कमिशन आय | ४,६००,००० | ४,६००,००० | ९,३९१,९५९ |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | २,९००,४३१,१५६ | १,८७७,००९,८१० | १,५४४,११०,५४८ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | ६८८,१७३,३६० | ४५९,००७,९१५ | ३६४,१११,४७६ |
| १.५ | अन्य प्रत्यक्ष आय | ८५,२३७,७४२ | ५४,०४६,३३६ | ६१,५४८,०८९ |
| १.६ | यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था | ७३९,४१२,१५१ | ७३९,४१२,१५१ | ३२१,९७२,५०२ |
| १.७ | यस वर्षको शुरुको असमाप्त जोखिम बापत ब्यवस्था | ३५४,७१४,५९२ | ३५४,७१४,५९२ | ३०७,४८३,७०८ |
| २ | ब्यय (२.१ देखि २.१० सम्म) | ७,१०८,९१२,२७३ | ४,८८८,५९६,६२२ | ४,२९९,३३६,६७८ |
| २.१ | दावी भुक्तानी (खुद) | ३,७०२,९७३,०५६ | २,२५६,४०८,३६६ | १,९४५,७२९,८१३ |
| २.२ | अभिकर्ता कमिशन | १,२७३,६६८,५७७ | ८१२,२८२,०६९ | ७२९,७४६,४१८ |
| २.३ | स्वास्थ्य परिक्षण शुल्क | ५,५६७,१८९ | ३,६५३,१९० | २,८७४,४८७ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | १०६,९५७,१५९ | ७१,४५४,३२१ | ७८,१७३,२८२ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | २,३५६,६१४ | १,६१३,८६० | ७३३,८७६ |
| २.७ | ब्यवस्थापन खर्च | २९९,२६३,६५६ | २०३,०४४,३७१ | ५०३,३०५,३४५ |
| २.८ | आयकर | ५१६,९५१,७०९ | ३४९,९५७,४५० | १८३,६९५,८६६ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था * | ९४८,९९४,३०२ | ८३५,४६८,४०४ | ५८०,०९३,८८४ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत ब्यवस्था | २५२,१८०,०११ | ३५४,७१४,५९२ | २७४,९८३,७०८ |
| ३ | वचत (१-२) | ८,३५९,३७२,६२२ | ५,७४५,६२६,२६२ | ६,१२६,६०९,८०४ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | ८,१०७,१४४,००९ | ५,६२७,७०२,८०५ | ५,७८२,९७६,१०३ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | २५२,२२८,६१३ | ११७,९२३,४५७ | ३४३,६३३,७०१ |

*भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था अन्तर्गत मृत्यु दावी, आंशिक अवधि समाप्ती दावी र समर्पण मूल्य दावी पर्दछ। उल्लेखित रकम मध्य रु ८.६१ करोड मृत्यु दावी वापत ब्यवस्था गरिएको छ।

## अन्य विवरण

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म) | ६३,१५२,४३९ | ५९,६०२,१५५ | ४८,१०१,३०३ |
| | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.) | १०,७७५,४५८ | ७,२२५,१७४ | ७,९४४,२१६ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,११२,५७९ | १,०८०,२६६ | १,०२४,६४२ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७३-७४ सम्मको) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७४-७५ देखि हाल सम्म) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रु.हजारमा) | ३,९१२,५५५ | २,३५२,४६५ | १,९४५,७३० |
| ६. | कुल दावी भुक्तानी संख्यामा | २७,९४४ | १८,३६८ | १७,८९५ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा) | ९४८,९९४ | ८३५,४६८ | ५८०,०९४ |

दृष्टव्य: १) कम्पनीको माथी उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ ।
२) वित्तिय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परिक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

# आ.व. २०७४/०७५ को तेस्रो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ को उपनियम २ को प्रयोजनका लागि)

१) वित्तिय विवरण:

क) तेस्रो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७५/०१/२५ गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तिय अनुपातहरु :

बीमाङ्कीय मूल्याङ्कन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तिय अनुपातहरु फरक पर्न सक्छ ।

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : १३.२१ | प्रति शेयर नेटवर्थ : १८६.५५ | पि.ई. अनुपात : ८७.४० | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १,२७१ | औसत प्रतिफल दर : ११.७० |

*प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।

विध्यमान पूंजीबजारमा आएको गिरावटका कारण कम्पनीले रु. २०.३८ करोड बराबरको शेयर लगानीमा नोक्सानीको व्यवस्था गरेतापनि आ.व.२०७४/७५ को तेस्रो त्रैमासिक अवधि सम्ममा रु. ४३.५८ करोडको मुनाफा आर्जन गर्न सफल भएको छ। गत वर्ष सोहि अवधिमा रु. ४०.९६ करोड मुनाफा आर्जन भएको थियो। उक्त मुनाफाको दाँजोमा यस समिक्षा वर्षको मुनाफामा ६.३७ प्रतिशतले बृद्धि भएको छ। सो वित्तिय विवरणमा आय व्यय हिसाबबाट रु. ८१०.७१ करोड जीवन बीमाकोषमा सारी कुल जीवन बीमाकोष रु.४,७६८.२६ करोड भएको छ ।

२) व्यवस्थापकिय विश्लेषण:

क) कम्पनीको तेस्रो त्रैमासिक अवधिसम्ममा कुल बीमाशुल्क आर्जन रु. १,०७७.५५ करोड रहेको छ जुन गत वर्षको सोहि अवधिमा प्राप्त कुल बीमाशुल्क रु. ७९४.४२ करोडको तुलनामा ३५.६४ प्रतिशतले बृद्धी भएको हो। सबै भन्दा उच्च प्रतिफल, समयानुकुल बजार प्रवर्द्धन रणनीति, बढ्दो जनचेतना र बीमितको सर्वोपरी हितका लागि गर्दै आएका प्रयासका कारण कम्पनीले उच्च बजारहिस्सा ओगड्दै आएको छ।
कम्पनीले यस तेस्रो त्रैमासिक अवधिसम्ममा कुल रु. ३९१.२५ करोड दाबी भुक्तानी गरेको छ। कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले बीमितहरुको दाबी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ।
कम्पनीले तेस्रो त्रैमासिक अवधिसम्ममा रु. ५४.९३ अर्ब भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ जुन गत वर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ४४.२८ अर्ब मा २४.०४ प्रतिशतको बृद्धी हो। कम्पनीले बिमा समितीको लगानी निर्देशिका बमोजिम सुरक्षित क्षेत्रमा लगानी गर्दै आएको छ। बढ्दो बीमाशुल्क आर्जन र सुरक्षित लगानि बृद्धिले कम्पनकिो वित्तिय क्षमता सुदृढ बनाएको छ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन बीमा योजना अन्तर्गत प्राप्त प्रथम बीमाशुल्कको वर्गिकरण यस अनुसार छ।













(* बीमाङ्कीय मूल्याङ्कन हुन बाकी)

ख) कम्पनीले बिद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ फलस्वरुप, कम्पनीको व्यवसायिक बिस्तारमा तीब्रता तथा बीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ।

ग) बिगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको ।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोबार वास्तविक र यथार्तपरक रहेको पाएका छौं । ख) त्रैमासिक अवधि सम्मको शेयर कारोबारको विवरण निम्न बमोजिम रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| अधिकतम मूल्य : रु १,८७० | न्यूनतम मूल्य : रु १,०२५ | अन्तिम मूल्य : रु १,१५५ | कारोबार संख्या : ७६२,७६० कित्ता | कारोबार दिन : ५६ दिन |

५) समस्या र चुनौती: मुलुकमा जीवन बीमा व्यवसाय प्रति सकारात्मक भावनाको विकास भइरहेकोले जीवन बीमालाई सामाजिक सुरक्षा तथा अनुसाशित बचतको माध्यमको रुपमा स्थापित गर्न बीमा जागरण अभियानलाइ थप ससक्त बनाउन जरुरी छ। दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकिकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ। सन्चालनमा आएका थप नयाँ जीवन बीमा कम्पनीहरुले व्यवसाय गतिविधि अगाडी बढाँउदा जीवन बीमाको दायरा वृद्दि हुने देखिएको भएतापनि तीव्र प्रतिश्पर्धाले ल्याउने चुनौतीहरु प्रति सचेत रहन जरुरी छ। यसै गरी दक्ष जनशक्तिको अभावले केही चुनौतीहरु थपिएका छन। कम्पनीले समयानुकुल व्यवसायिक रणनितिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई प्रथम प्राथमिकतामा राख्दै आएको छ। कम्पनीको अनलाईन कारोबार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्‍याएको छ। कम्पनीले आफनो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोबारहरुलाई समयमै लेखा परिक्षण गर्दै आएको छ। कम्पनीले आफनो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परिक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरि प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरि छलफल पश्चात बीमा समितिमा पठाउने गरिएको छ। कम्पनीले बीमा समिति द्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिबेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा)प्रधान कार्यालय: हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np

किनकि जीवन अमूल्य छ...